शैलुङ गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ६, संख्याः २५, १४ असोज, २०७९

# भाग-२

## शैलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय काटाकुटी दोलखा बागमती प्रदेश, नेपाल

## “शैलुङ गाउँपालिकामा कार्यान्वयन हुने कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ (पहिलो संशोधन २०७९)”

शैलुङ गाउँपालिकामा कार्यान्वयन हुने कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ (पहिलो संशोधन २०७९)

**प्रस्तावना**
"शैलुङ गाउँपालिकामा कार्यान्वयन हुने कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यवधि, २०७४" स्वीकृत भै लागू भै रहेको अवस्थामा उक्त कार्यविधिका केही दफाहरु र सो सँग सम्बन्धित केही बूँदाहरुमा समय सापेक्ष हुनेगरी शंसोधन गर्नुपर्ने भएकोले शैलुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमिति गर्ने) ऐन २०७४ को दफा ४ र शैलुङ गाउँपालिकाको केही कानून संशोधन गर्न बनेको ऐन, २०७९ को दफा ५ समेतको अधिनमा रही शैलुङ गाउँपालिकाले यो "शैलुङ गाउँपालिकामा कार्यान्वयन हुने कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ (पहिलो संशोधन २०७९)" जारी गरेको छ ।
**१) व्याख्या :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संशोधन कार्यविधिमा **"कार्यविधि"** भन्नाले "शैलुङ गाउँपालिकामा कार्यान्वयन हुने कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यवधि, २०७४" सम्झनु पर्दछ ।

**२) "शैलुङ गाउँपालिकामा कार्यान्वयन हुने कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यवधि, २०७४" मा देहाय बमोजिम संशोधन गरिएको छ :**
क) कार्यविधिको दफा १५ को तालिका भन्दा तलतिर रहेको "दफा १५ सम्झौता लगायतको कार्य गरी सञ्चालनको व्यवस्था मिलाउन सक्नेछ ।" भन्ने वाक्यांश हटाइएको छ ।

ख) कार्यविधिको दफा '२७' '२' मा रहेको सम्बन्धित वडाको महिला सदस्य सदस्य, '३' मा रहेको सम्बन्धित वडाको दलित सदस्य - सदस्य र '४' मा रहेको वडा अध्यक्षले तोकेको वडा सदस्य मध्येबाट एकजना - सदस्य व्यवस्था हटाई त्यसको सट्टामा "सम्बन्धित वडाको वडा सदस्य सबै - सदस्य" भन्ने व्यवस्था गरिएको छ ।

ग) कार्यविधिको दफा ३३ को 'क' '४' मा रहेको "वडा अध्यक्ष/गाउँ कार्यपालिका सदस्य मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको कम्तिमा एक महिला सहित दुईजना प्रतिनिधि - सदस्य" भन्ने व्यवस्था हटाईएको छ भने सोही दफाको सोही बूँदामा संशोधन गरी "वडा अध्यक्ष वा कार्यपालिका सदस्य मध्येबाट कार्यपालिकाको निर्णय बमोजिम एकजना महिला प्रतिनिधि सदस्य र सम्बन्धित वडाको वडा अध्यक्ष सदस्य" भन्ने व्यवस्था कायम गरिएको छ । दफा ३३ को "८ गाउँपालिकाको पूर्वाधार विकास समितिको संयोजक लगायत विषयगत समितिका संयोजकलाई अनुगमन समितिको

आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।" भन्ने व्यवस्था थप गरिएको छ।

घ) कार्यविधिको दफा ३३ को 'क' '७' मा रहेको "गाउँपालिकाको कार्यकारी अधिकृतले तोकेको एकजना कर्मचारी - सदस्य सचिव" भन्ने व्यवस्था संशोधन गरी "गाउँपालिकाको योजना अनुगमन शाखाको प्रमुख वा योजना अनुगमन शाखा/इकाईमा कार्यरत कर्मचारीले सदस्य सचिवको रुपमा कार्य गर्नेछ" भन्ने व्यवस्था कायम गरिएको छ।

ङ) कार्यविधिको दफा ४१ 'घ' '७' मा रहेको "योजना अनुगमन शाखा प्रमुख - सदस्य सचिव" भन्ने व्यवस्था हटाई "योजना अनुमन शाखा प्रमुख वा योजना अनुगमन शाखा/इकाईमा कार्यरत कर्मचारीले सदस्य सचिवको रुपमा कार्य गर्नेछ" भन्ने व्यवस्था कायम गरिएको छ।

पहिलो शंसोधन प्रमाणिकरण मिति : २०७९/०६/१२

<u>आज्ञाले</u>
चुन बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत